चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

## प्रस्ताव तथा निर्णयहरु

१. कोरोना भाइरसको विश्वव्यापी महामारीको कारण सिर्जित लकडाउनको अवस्थाको सम्बन्धमा समिक्षा गरियो । कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको सम्बन्धमा हेल्थ हेल्प डेस्क, स्वास्थ्य संस्था, वडा कार्यालय, स्वयंसेवक समूह, सुरक्षा निकाय, नगर प्रहरीहरुबाट सम्पादित कार्यहरुको सम्बन्धमा समेत छलफल र विश्लेषण गरियो । नेपालमा पनि कोरोना भाइरस सङ्क्रमणको दर दिनदिनै बढिरहेको सन्दर्भमा नगरपालिकामा समेत पूर्व सतर्कता अपनाउनु पर्ने भएकोले लकडाउनको निर्णय कडाईपूर्वक कार्यान्वयन गरी कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको लागि स्थापित सम्पूर्ण संयन्त्रलाई थप सुदृढ र क्रियाशिल बनाउने ।

२. कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको सम्बन्धमा नगर कार्यपालिका, विपद् व्यवस्थापन समिति र नगरपालिकाबाट भएका निर्णयहरु, जारी निर्देशनहरु र सूचनाको पूर्ण रुपमा कार्यान्वयन गर्ने तथा गराउने । सबै वडा कार्यालय, विषयगत शाखा कार्यालयमा कार्यरत कर्मचारीहरु नगरपालिकाको सूचना केन्द्रमा आबद्ध हुने । यसको लागि सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन केन्द्रले आवश्यक व्यवस्था मिलाउने । वडा कार्यालयहरुले मापडण्द अनुसारमात्र राहतको लागि सिफारिस गर्ने ।

३. मदिराजन्य पदार्थको उत्पादन, विक्रि वितरण र सेवनमा पूर्ण प्रतिवन्ध लगाउन नगर कार्यापलिकाबाट भएको निर्णयको पूर्ण रुपमा कार्यान्वयन गर्ने तथा गराउने । लागूपदार्थ दूर्व्यसनि, जुवातास खेल्नेजस्ता मानिसको स्वास्थ्य र पारिवारिक तथा सामाजिक सम्बन्धमा प्रतिकूल असर पुऱ्याउने सामाजिक विकृति र विसङ्गतिजन्य क्रियाकलापहरुका विरुद्ध कडा अभियान सञ्चालन गर्ने । यसको लागि वडा कार्यालयहरुले नगरपालिकाको निर्देशन अनुसार कार्य गर्ने तथा गराउने ।

४. नगर कार्यापालिकाका हालसम्मका निर्णयहरुको सम्बन्धमा छलफल गरियो । नगरपालिका, नगर कार्यापालिका एवम् विभिन्न विषयगत समितिबाट भएका निर्णयहरुको पूर्ण रुपमा कार्यान्वयन गर्न यस नगरपालिकाबाट जारी सूचना, निर्देशन र परिपत्रहरुको तत्कालै कार्यान्वयन गर्ने गराउने ।

५. यस नगरपालिकाबाट जारी चौरजहारी नगरपालिका आन्तरिक नियन्त्रण सम्बन्धि निर्देशन, २०७७ को सम्वन्धमा छलफल गरियो । उक्त निर्देशनको पूर्ण कार्यान्वयन गरी तथा गराई वित्तीय अनुशासन कायम गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ तुल्याउने ।

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

६. चौरजहारी नगरपालिका योजना तर्जुमा दिग्दर्शन, २०७६ बमोजिम आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रमको लागि बस्ती/टोलस्तरिय योजना छनौट गरी मार्गदर्शन अनुसार तोकिएको ढाँचामा यही २०७७ जेष्ठ मसान्तभित्र नगरपालिकामा Soft Copy र Hard Copy दुवै पेश गरिसक्ने । सो सम्बन्धमा नगर कार्यपालिकाको मिति २०७७/०१/२१ गतेको निर्णय कार्यान्वयन गर्ने तथा गराउने ।

७. राजस्व, जिन्सी, योजना, लेखा, प्रशासन लगायत सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित अभिलेखहरु दुरुस्त राख्ने । आर्थिक कारोबारमा वित्तीय अनुशासन कायम गर्ने । विषयगत शाखा/इकाई/कार्यालय/वडा कार्यालयहरुमा उपलब्ध गराईएका जिन्सी मालसामानको समुचित प्रयोग गर्ने, दुरुपयोग हुन नदिने, कार्यालय व्यवस्थापनमा विशेष ध्यान दिने । सूचना प्रविधिको प्रयोगमा जोड दिने ।

२०७७/०१/२२

आज मिति २०६६ साल वैशाख २३ गते यस चौरजहारी नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री रामबहादुर के.सी.को अध्यक्षतामा तपशिलमा उल्लेखित नगरपालिका अन्तरगतका शाखा, वडाहरुमा कार्यरत शाखा प्रमुख, वडा सचिव तथा वडामा कार्यरत प्राविधिकहरुको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो।

## विशेष उपस्थिति

श्री विशाल शर्मा - नगर प्रमुख

## उपस्थिति

श्री रामबहादुर के.सी. - नि. प्र. प्र. अ.
यम बहादुर कार्की - इन्जिनियर
खुमन कँवर योगी - वडा सचिव वडा नं. ९
रविरेन्द्र अधिकारी - वडा सचिव वडा नं. १२
निर्मल रन मगर - वडा सचिव वडा नं. १०
गणेश खड्का - वडा सचिव वडा नं. १४
राजेन्द्रकुमार मल्ल - वडा सचिव वडा नं. ८
राजु शर्मा - अ. सब इन्जिनियर वडा नं. ४
दिपेन्द्र शर्मा - अ. स. ई. वडा नं. ६, १२
रमेश विश्वकर्मा - अ. स. ई. वडा नं. १३/१४
चन्द्र ब. बुढा - अ. स. ई. वडा नं. १०/११
शुभाष जुकुरी - वडा सचिव वडा नं. ११
सुरेन्द्र ब. विष्ट - सब. ई. पुर्वाधार शाखा
भीम ब. के.सी. - सब-इन्जिनियर
महेश डि.सी. - ओभरसियर
विमला खड्का - प्रा. स. कृषि विकास शाखा
सोमराज गौतम - वडा सचिव वडा नं. ०१ (१२)
हिमा रावल - सब-इन्जिनियर
सन्जु पुन मगर - वडा सचिव-३

chhabita | छविता पोखरेल | वडा नं - ०२
[signature] | धर्मराज सापकोटा | वडा नं. ०५
[signature] | शिवराम शाही | वडा नं. १२
[signature] | तारा ब. बुढाथोकी | वडा नं ०६
[signature] | बल बहादुर के.सी. | वडा नं. ४
[signature] | डिलाराम बोहागर | वडा नं. ७
[signature] | दिलिप कुमार सोनी | प्र.अ.
[signature] | भानु गौतम - | स्वा. प्र. अभिवावकतापन केन्द्र (पापेक) सहजकर्ता
[signature] | डण्ड प्रसाद शर्मा |
रबिनवली | रबिन ओली | सूचना प्रविधि अधिकृत
[signature] | चेतन बुढा मगर | स्वरोज इकाई प्रमुख
[signature] | तिर्थल ओली | सहायक स्तर पाँचौ
[signature] | देव ब. बराल | प्रशासन सहायक
[signature] | देव ब. रोकाय | फिल्ड सहायक